# राजपुर नगरसभाको १३ औं नगर अधिवेशनमा नगर उप प्रमुख श्री मनकला कुमारी चौधरीद्वारा प्रस्तुत

आ.व. २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

राजापुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

राजापुर, बर्दिया

लुम्विनी प्रदेश, नेपाल

**२०८१ असाढ ७**

**नगरसभामा प्रस्तुत: २०८१।०३।०७ गते**

**नगरसभाबाट पारित मिति :२०८१।०३।०९ गते**

**प्रमाणिकरण मिति : २०८१।०३।१५ गते**

## राजापुर नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८१/८२

**राजापुर नगरपालिकाको १३ औँ गरिमामय नगरसभामा उपस्थित सभा अध्यक्ष तथा सभा सदस्यज्यूहरु,**

राजापुर नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्ने अवसर प्राप्त गरेको छु । यस १३ औँ गरिमामय नगरसभामा राजनैतिक परिवर्तनको लागि जनयुद्ध, जन-आन्दोलनका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु र घाईते हुनुभएका योद्धाहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधान बमोजिम मुलुकमा संघीयता संस्थागत भएको छ । नेपालले अनेकौ आरोह-अवरोह र लामो एकात्मक शासन प्रणाली पश्चात संघिय प्रणालीको अवलम्बन गरेको छ । मुलुकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि संघियताको सफल कार्यन्वयन नै हाम्रो निसाना हो । संविधानले परिकल्पना गरेका संरचनाहरु स्थापना र क्रियाशिल हुदै गएका छन् । संविधानले व्यवस्था गरेका नागरिकका मौलिक हकहरु प्रचलन गराउनुपर्ने विषय सबै सरकारका दायित्वका रुपमा रहेका छन । राजनीतिक आन्दोलनले पूर्णता पाईसकेको अवस्थामा अब जनताको आर्थिक समृद्धि हासिल गर्ने राष्ट्रिय अभियानमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्ने अवस्थामा हामी आईपुगेका छौ ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरेका कार्यपालिका र वडा समितिका जनप्रतिनिधिहरुको सम्मान र गरिमाप्रति नगर सरकार सचेत छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रबन्ध गरेअनुरुप कार्यपालिका र वडा समितिका अधिकार र कर्तव्यको पालना गर्ने र गराउने कुरामा नगर सरकार सदा सजग रहनेछ ।

अबको हाम्रो गन्तव्य गरिबी निवारणका लागि आर्थिक समृद्धि, सुशासन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय र आयको समुचित वितरण हुन जरुरी छ ।

भौगोलिक विविधताले भरिपूर्ण राजापुर नगरपालिका बर्दिया लुम्बिनी प्रदेशकै सबैभन्दा पश्चिममा रहेको र सुदुर पश्चिम प्रदेशसँग जोडिएको नगरपालिका हो । त्यसैगरी राजापुर नगरपालिकामा थारु समुदायको करिब ८२ प्रतिशत बाहुल्यता रहेको छ ।थारु समुदायको संस्कृति, भाषा, साहित्य, भेषभुषा, परम्परागत झाँकी, रैथाने पोषाक, कृषि पेशामा प्रयोग गरिने परम्परागत औजारहरु आदि हेर्दा ऐतिहासिक सम्पदाको खोजी र अनुसन्धानको शोधपत्र तयार हुने स्थलका रुपमा राजापुर चिनिन्छ । यस्ता सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरुको कर्तव्य र दायित्वमा पर्दछ । नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकतालाई संवैधानिक, कानुनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको परिपेक्ष्यमा संविधान प्रदत्त हक अधिकारहरु तथा राज्य र स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु नगरवासी समक्ष पुर्याउनु हाम्रो प्रमुख उद्देश्य पनि हो ।

वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज कैंयौ मुलुकका साथै हाम्रै देशका स्थानीय तहहरुले पनि उल्लेख्य प्रगति हासिल गरिसकेका छन् । यस परिपेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित रहेर हुनु पर्दछ । यसका लागि नगरपालिकाको भुगोल, जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृति, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राखि नगर प्रोफाईल अध्यावधिक गराउनेतर्फ हाम्रो ध्यानाकर्षण हुन जरुरी छ । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरि अर्पूण नीति र कानुनलाई पूर्णता दिने तथा आवश्यकता अनुसार नयाँ नीति र कानुन निर्माणमा प्राथमिकता दिनु पर्दछ । नगरपालिकाका संस्थागत संरचनालाई सक्षम र कार्यमूलक बनाउनका साथै संरचनाहरुको कार्यप्रकृति, प्रदान गर्नु पर्ने सेवा र अवसरको सही विश्लेषण गर्न सक्नु पर्दछ । यसका लागि जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि गरी अन्य क्षेत्रमा योग्य, विशेषज्ञ र दक्ष जनशक्ति विकास एवं परिचालन गर्न वृहत जनशक्ति योजना तर्जुमाको आवश्यकता मैले देखेको छु । नगरपालिकाभित्र उपलब्ध तर प्रयोग बिहीन र कम प्रयोग भएका स्रोत र साधनलाई कुशलतापूर्वक परिचालन गर्नेतर्फ हाम्रो ध्यान केन्द्रित हुनु पर्दछ । हाम्रो नगरमा रहेका भुमिहीन सुकुम्बासी, भुमिहीन दलितलाई जग्गाधनी प्रमाण पुर्जा सहित भुमि वितरण र अव्यवस्थित बसोबासीको भुमि समस्या समाधान गर्दै विपन्न परिवारलाई गरीबीको रेखाबाट माथि उठाउँदै हरियाली समृद्ध नगर बनाउनेतर्फ यस आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रम निर्देशित हुनेछ । राजापुर नगरपालिकाको आन्तरिक आय बृद्धिका संवाहक कृषि, उर्जा, उद्योग, पर्यटन, जलस्रोत, व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उत्तिकै दायित्व छ । यसका लागि सम्बन्धीत पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । कृषि तथा पशुपालनको व्यवसायिकरण र बजारीकरणका लागि पकेट क्षेत्र घोषणा गरी सो क्षेत्रमा रोजगारी सिर्जना गर्न लगानी बढाउनु जरुरी देखिन्छ ।

पर्यटन उद्योग मार्फत नगरपालिकाको आम्दानी बृद्धि गर्नका लागि ऐतिहासिक महत्वका धार्मिक सम्पदाहरु, थारु भाषा र संस्कृतिको संरक्षण सम्बर्द्धन गर्नुका साथै पर्यटन व्यवसायमा लगानीको नीति अबलम्वन गर्न सक्नु पर्दछ । शहरीकरणका लागि आवश्यक पूर्वाधारको क्रमशः निर्माण तथा व्यवस्थापन का साथै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, इन्टरनेट र बैंकिङ क्षेत्रमा नगरवासीको सहज पहुँचमा बृद्धि गर्नु आजको आवश्यकता ठानेको छु ।

राजापुर नगरपालिकाको वृहत शैक्षिक गुरुयोजना निर्माण कार्य यसै आ.व. मा सम्पन्न गरिनेछ । शिक्षा क्षेत्रको विकास नभई नगरबासीको उत्थान हुन नसक्ने भएकाले नगरपालिका भित्र रहेका विद्यालयहरुमा विद्यार्थी संख्या अत्यन्त न्यून भएका विद्यालयहरु एक आपसमा मर्ज गर्दै जाने भर्ना दर र शिक्षाको गुणस्तर बृद्धि गर्न स्थानीय सरकारले आफ्ना राजनैतिक दलका प्रमुख, जनप्रतिनिधि, कर्माचारी र शिक्षकका छोराछोरीहरुलाई स्थानीय स्तरका सम्भव भएसम्म सामुदायिक विद्यालयमा नै भर्ना गराउने नीति लिइनेछ। विद्यालयको भौतिक संरचनामा सुधार गर्ने, सबै विद्यालयमा क्रमशः इन्टरनेटको सुविधा पुर्याउने कार्य विशेष प्राथमिकतामा राखिने छ । विद्यालयमा विद्यार्थी संख्याका आधारमा अत्यधिक विद्यार्थी भएका विद्यालयमा शिक्षकको दरबन्दीमा बृद्धि गर्नु अत्यावश्यक देखिन्छ । शिक्षकको स्थायी दरबन्दी न्यून भएका कारण तत्कालिन समस्यालाई निराकरण गर्न न्यून आन्तरिक आय भएको यस नगरपालिकाले नगर शिक्षक व्यवस्थापन गर्दा विकासका अन्य क्षेत्रलाई ठूलो मात्रामा ओगट्न नसकेको तितो सत्य यहाँहरु समक्ष जाहेर गर्न चाहन्छु । बालबालिकाले विद्यालय छाड्ने कारणको अनुसन्धान गरी शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्ने र बालमैत्री स्थानीय शासन नगरपालिकाको रुपमा विकास गर्न अन्य विकास साझेदार निकायसँग हातेमालो गरी शैक्षिक तथा बालबालिकाको क्षेत्रमा कार्यक्रम सञ्चालन गरिने छ ।

आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तयार गर्न निम्न प्राथमिकता क्षेत्र तोकेको छु । साथै वडास्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा तर्जुमा गर्न निर्देशन गरेको छु ।

१. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजना।

२. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना ।

३. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुर्याउने योजना।

४. सेवा प्रवाह, संस्थागत क्षमता अभिबृद्धि र सुशासनमा योगदान पुर्याउने योजना ।

५. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने योजना ।

६. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने योजना ।

७. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने योजना ।

८. स्थान बिशेषको संस्कृति र पहिचान प्रबर्द्धन गर्ने योजना ।

९. लक्षित वर्गका जिविकोपार्जनमा सघाउ पुर्याउने योजना ।

१०. नगरकार्यपालिकाको विषयगत समितिका सुझाव र निर्देशन ।

११. नगरपालिकाले आवश्यक देखेका विविध विषयहरु ।

राजापुर नगरमा सामाजिक विकास, आर्थिक विकास र भौतिक पूर्वाधार क्षेत्रको विकास लगायत सबै क्षेत्रको विकासलाई सन्तुलित रुपमा अगाडी बढाउन यस आर्थिक वर्षमा निम्न बमोजिमका नीति तथा कार्यक्रम अवलम्बन गरिने छ ।

१. आर्थिक विकास सम्बन्धी नीति :

**क) कृषि तथा सहकारी सम्बन्धी नीति : ‘कृषिमा लगानी, जनताको आम्दानी’**

संघिय सरकारको भू-उपयोग नीति अनुसरण गर्दै स्थानीय भू-उपयोग योजनाले पहिचान गरेका कृषि उत्पादन क्षेत्रमा बिशेष कार्यक्रमहरु संचालन गरी  निर्वाहमुखि कृषि प्रणालीलाई क्रमश रुपान्तरण गरेर व्यवसायिक कृषि प्रणालीको विकासका लागि कृषकलाई प्रोत्साहन गर्न आवश्यक अनुदान दिने नीति अवलम्बन गरिने छ । कृषि क्षेत्रमा जोन, सुपर जोन, पकेट तथा बिशेष क्षेत्रहरु विस्तार र कार्यान्वयन गरिने छ ।

१. नगरक्षेत्र भित्रका कृषि व्यवसायलाई मर्यादित र व्यवस्थित गर्न एक घर एक करेसाबारी, एक घर पाँच विरुवाको नीति लिईनेछ ।

२. यस क्षेत्रमा उत्पादन हुने दुधको बजारीकरणका लागि स्थापित दुग्ध चिस्यान केन्द्रलाई व्यवस्थित रुपमा संचालन गर्न प्रोत्साहन गरिनेछ । दुग्ध प्रशोधन गरि दुग्धजन्य परिकार बनाउनलाई विशेष प्राथमिकता दिइनेछ । पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै घाँस उत्पादनका लागि पकेट क्षेत्रहरु विकास गरिनेछ।

३. कृषियोग्य जमिनको अव्यवस्थित तथा गैर कानुनी खण्डीकरणलाई निरुत्साहित गरि कृषि योग्य जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ ।

४. कृषि तथा पशु बिमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। किसानलाई प्रोत्सहित गर्न सामुहिक खेती, करार खेती लाइ विशेष प्राथमिकता दिइनेछ । बगर खेती कार्यक्रमहरु संचालन गरिनेछ।

५. कृषि खेतीको लागि मुल बिँउ उत्पादन गर्नको लागि कृषि समुह र कृषि सहकारितालाई प्रोत्साहन गरिनेछ । सामुहिक तथा सहकारीबाट व्यवसयिक कृषि उत्पादन गर्ने समूहहरुलाई बिशेष अनुदानको व्यवस्था गरिनेछ।

६. कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा व्यवसायीकरण, विविधिकरण, बजारीकरण र आधुनिकीकरण गर्दै खाद्यसुरक्षाको स्थिति मजबुत बनाई थप रोजगारीका अवसरहरु सिर्जना गरिनेछ। नगरलाई कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिइने छ।

७. कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र, मौसमी तथा बेमौसमी तरकारीलाई टिकाई राख्न, DPR अनुसार कोल्ड स्टोर, हाटबजार जस्ता पूर्वाधारहरुको निर्माणको लागि संघीय र प्रादेशिक सरकारसँग विशेष पहल गरिनेछ।

८. किसानहरुको कृषि उत्पादनमा बृद्धिका लागि रासायनिक मलको उपलब्धता गराउन संघिय र प्रदेश सरकारको समन्वयमा स्थानीय सहकारी मार्फत वितरण प्रणाली व्यवस्थित र प्रभावकारी बनाउन समय सिमालाई समेत मध्ये नजर गरी सोही अनुसारको समय तालिका तय गरिनेछ।

९. भु-उपयोग योजनलाई कडाइपूर्वक लागु गरिनेछ। उर्वर कृषियोग्य जमिनलाई गैरकृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साना सिचांई, डिप बोरिङ्ग, स्यालो ट्यूववेलको माध्यमबाट प्रभावकारी सिंचाई व्यवस्था संघिय सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा मिलाईने छ।

१०. कृषक पाठशालाको अवधारणालाई अगाडि बढाउने नीति अबलम्बन गर्नुका साथै तरकारी फलफुल तथा दुग्ध उत्पादनको आधारमा अनुदान दिइनेछ।

११. अपाङ्ग महिला र महिलाहरुको लागि स्थानिय (रैथाने) कुखुरा पालन कार्यक्रम प्रवर्द्धन गरिनेछ साथै बहुक्षेत्रिय पोषणका सूचक सँग आबद्ध गरिनेछ।

१२. नगरमा स्वच्छ, व्यवस्थित मासु पसल सुधार एवं व्यवस्थापन गर्न सहयोग गरिनेछ। मासुको शुद्धता र मासु पसलको व्यवस्थापनका लागि उत्पादनमा आधारीत अनुदानका साथै अनुगमन कार्यलाई समेत प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१३. नगर क्षेत्र भित्र पालन गरिएका पशुहरुमा नश्ल सुधार गर्न कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान कार्यक्रम विस्तार गरिने छ।

१४. स्वच्छ तथा स्वस्थकर पशुजन्य पदार्थ उत्पादनमा जोड दिन पशुपंक्षिको गोठ, खोर सुधार गर्न जोड दिईनेछ र महिलालाई प्राथमिकतामा राखिनेछ।

१५. गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमा पशुपालन गर्न चाहने महिलाहरुलाई ७० प्रतिशत सहभागीता गराईनेछ।

१६. नगर प्रमुख उद्यमशिलता आय आर्जन तथा शिप विकास कार्यक्रम संचालन गरिनेछ र ५० प्रतिशत महिला उद्यमी उत्पादन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. नेपाल भारत सिमानामा जंगलीजनावरबाट किसानको बालिनाली बचाउन उज्यालो सिमा सुरक्षा कार्यक्रमका साथै विद्युतीय तारबारलाई निरन्तरता दिइनेछ।

१८. कृषकहरुको बालीको सुरक्षाको लागि बाली बिमा ऐन र कार्यविधि बनाई कार्यक्रम लागु गरिनेछ।

१९. व्यवसायिक कृषि प्रवर्द्धनका लागि जग्गा लिजमा लिई नगरस्तरीय कृषि फर्म सञ्चालनमा ल्याइने छ। उत्पादित कृषि सामाग्रीको उचित मुल्य र बजारको लागि कृषि एम्बुलेन्सको व्यवस्थापन गरिनेछ।

२०. नगरपालिकाको कार्यक्षेत्रभित्र रहेको सहकारीहरुलाई समय सापेक्ष सहकारीका पदाधिकारी/सदस्य/व्यवस्थापकलाई कर्जा व्यवस्थापन तथा COPOMIS लगाएतका तालिम संचालन गरी क्षमता अभिबृद्धि र अभिलेखिकरण गरिनेछ। एक सहकारी एक उत्पादन नीति लिइनेछ।

२१. स्थानीय बजारमा रहेका दुग्धजन्य वस्तुहरुको संकलन गरी दुग्धजन्य वस्तुबाट बन्ने परिकारहरुको विविधिकरण गरी बजारीकरणका लागि प्रोत्साहन गरिनेछ।

२२. राजापुर समृद्धिका आधार कृषि पर्यटन विकास र पुर्वाधार कृषि गुरु योजना निर्माण गरिनेछ ।

२३. कृषि सहकारीको पूर्वाधार राजापुर नगरपिलकाको दरिलो आधार PPP मोडल विकासका आधारशिलाहरु तयार गरिनेछ ।

२४. संघ र प्रदेश सरकारसँग समन्वय गरि राजापुर नगरपालिकालाई कृषि विशेष आर्थिक क्षेत्र घोषणा गर्ने रणनिति तयार गरिनेछ । धान सुपरजोनको स्थायित्व कायम गर्नको लागि आवश्यक पहल गरिनेछ ।

२५. स्थानीय सिप, श्रोतसाधन, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रबर्द्धन कार्यक्रमसँग नीति तय गरि कार्यक्रम लागु गरिनेछ।

२६. "विषादी नखाउँ, स्वास्थ्य बनौ अभियान" अन्तर्गत नगरपालिका भित्र उत्पादन हुने तरकारी एवं फलफुलको अधिकतम प्रयोग सम्बन्धी प्रचार सामग्री निर्माण एवं सम्प्रेषण गरिने छ ।

२७. नगरपालिका भित्र उत्पादन हुने कृषिजन्य बस्तुबाट निर्माण गर्नसकिने सुख्खा खाजा उत्पादन र प्याकेजिङ तालिम प्रदान गरिने छ र हरेक पसलहरुमा त्यस्ता सुख्खा खाजाहरुलाई बालबालिकाहरुले देख्ने स्थानमा राख्ने अभियान संचालन गरिने छ ।

२८. स्थानिय उत्पादनलाई विशेष प्राथमिकता दिईनेछ । रासायनिक मलको सहज आपूर्ती हुने व्यवस्था मिलाई जैविक मल, प्राङ्गारिक मल, हरियो मलको प्रयोगको लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

## ख) राजश्व परिचालन एवं अभिवृद्धि सम्बन्धी नीतिहरुः

१. राजापुर नगर क्षेत्र अन्तर्गतमा रहेका करको दर घटाइ दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरुलाई स्वस्फुर्त रुपमा कर तिर्न प्रोत्साहित गर्न नगरपालिकामा विविध कार्यक्रम सहित कर सप्ताह कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यलाई ब्यवस्थित र करको दर भन्दा दायरालाई फराकिलो गरी वडा कार्यालयबाटै कर, शुल्क दस्तुर असुल गर्ने थप व्यवस्था मिलाइनेछ ।

२. चालु आर्थिक वर्षको आषाढ मसान्त सम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आएको आर्थिक वर्षको क्रमशः पहिलो वर्ष १० प्रतिशत , दोस्रो

वर्ष २० प्रतिशत, तेस्रो वर्ष ४० प्रतिशत, तेस्रो वर्ष भन्दा पछि १०० प्रतिशतका दरले विलम्ब जरिवाना जोडी बक्यौता समेत असुल गरिनेछ ।

३. कुनै कार्यका लागि सार्वजनिक क्षेत्रमा छोटो अवधिको लागि कुनै सामग्री भण्डारण वा टेण्ट लगाउनु पर्ने भएमा सार्वजनिक आवागमनमा अवरोध नहुने गरी प्रतिदिन प्रति वर्ग फिट १ रुपैया ५० पैसाका दरले शुल्क लिई स्वीकृति दिन सकिनेछ । विना स्वीकृति त्यस्तो कार्य गरेको पाईएमा लाग्ने शुल्क बराबर थप जरिवाना लिईनेछ ।

४. श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गरिनेछ । सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धिगरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

५. श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न कम्प्युटीरीकृत Computer Software को प्रयोगबाट Database का आधारमा कर शुल्क संकलन कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

६. कर, शुल्क संकलन कार्यलाई प्रभावकारी बनाउन भौतिक सुविधा सम्पन्न स्थान र दक्ष जनशक्तिको परिचालन गर्नुका साथै कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिमा समेत विशेष ध्यान दिइनेछ ।

७. उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुनै पनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरुले नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क,दस्तुर चुक्ता गर्न अनिवार्य गरिनेछ ।

८. वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजि क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदैं लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाईनेछ । नगरपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मान गर्ने परम्परालाई व्यवस्थित ढंगले अगाडी बढाईनेछ ।

९. नगरपालिकाद्वारा गर्ने राजश्व सम्बन्धी निर्णय र आर्थिक कारोवारमा पारदर्शिता र सहभागिता प्रवर्द्धन गरिनेछ । वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई नियमित तथा व्यवस्थित गरिनेछ ।

१०. नगरपालिकाको श्रोतसाधन र सम्पत्तिको उच्चतम प्रयोग र परिचालनद्वारा प्रशासनिक एवं अनुत्पादक खर्चमा नियन्त्रण गरी विकास कार्यमा गरिने पूँजीगत लगानीमा बृद्धि गर्दै लगिनेछ ।

११. नगरपालिकाले उठाउने कर दस्तुर तथा शुल्कलाई व्यवस्थित, पारदर्शी र प्रभावकरी तुल्याउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका तयार गरी लागू गरिनेछ ।

१२. नगरको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमिलाई पूर्ति गर्न संघिय सरकार, प्रदेश सरकार, दातृ निकाय तथा संघ-संस्था र निजि क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रका निकायसँग समन्वय गरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।

१३. नगरपालिकाको स्वामित्वमा भोगाधिकार रहेको र नगरपालिकाले संरक्षण र परिचालन गर्नसक्ने भवन जग्गा जमिन तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिद्वारा निजि क्षेत्रलाई सहभागी गराउदैं लगिनेछ ।

१४. श्रोत परिचालनमा निजि क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्न PPP अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिका अतिरिक्त प्रस्तावका आधारमा Negotiation पद्धतिलाई समेत अवलम्बन गरिनेछ।

१५. नगरपालिका अन्तरगतका हाटबजारहरु अस्थायी हाटवजार, बसपार्क जस्ता स्थानमा पूर्वाधार सुधार गरी स्तरवृद्धि गरिदै लगिनेछ । उक्त क्षेत्रको सञ्चालन र व्यवस्थापनमा निजि क्षेत्रलाई सहभागी गराइने नीति लिईनेछ ।

१६. नगरपालिकाद्वारा वहालमा लगाईएका सम्पत्तिहरुको वहाल बन्दोबस्त गर्दा प्रचलित बजारदरको आधारमा वहाल कायम गरी प्रतिस्पर्धात्मक विधि/प्रक्रिया अपनाईनेछ ।

१७. नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गत रहेका (ई रिक्सा र टाँगा) साना सवारी साधनहरुको दर्ता प्रक्रिय यथाशिघ्र अगाडी बढाउनेछ साथै उक्त सवारी साधनको दुरी अनुसारको भाडा दर निर्धारण गरिनेछ ।

१८. राजापुर नगरपालिकाको आन्तरिक श्रोत बृद्धि गर्न, नगरपालिकाबाट हुने विकास निर्माण तथा सेवा प्रभावकारी बनाउनुपर्ने भएकोले आर्थिक वर्ष २०८१/०८२ देखि लागु हुने गरी व्यवसायीक, आवासिय र कृषि क्षेत्रमा वर्गिकरण गरी सम्पत्ति करलाई निरन्तरता दिइनेछ ।

१९. राजापुर नगरपालिकाले संघिय सरकारबाट पछिल्लो समयमा स्थानीय तहलाई दिएको घरवहाल कर उठाउदै आएकोमा यस बाट प्राप्त हुनु पर्ने अनुमानित श्रोत भएता पनि न्यूनकर उठ्नुले नगरपालिकाको आन्तरिक राजश्व सुधार कार्ययोजनामा पनि सुधार गरि बहाल करलाई आर्थिक वर्ष २०८१/०८२ देखि व्यवसाय कर, आवसिय कर र कृषि उपयोग करमा बर्गिकरण गरि आर्थिक ऐन, २०८१ बमोजिम कर निर्धारण गरिनेछ ।

२०. व्यक्तिको नाममा भएका प्रयोगबिहिन अवस्थामा रहेका जग्गा जमिनहरु ( नदीमा पर्ने जग्गा) को करमा सहुलियत प्रदान गरिनेछ ।

## २. पुर्वाधार विकास सम्बन्धी नीति : ‘गुणस्तरीय पूर्वाधार : राजापुर नगरपालिकाको समृद्धिको आधार’

१. शहरी विकास मन्त्रालयसंगको सहकार्यमा यसै आर्थिक बर्षमा राजापुर नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरी नगरको अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन बिकास लक्ष्यहरु निर्धारण नगर गुरु योजना तयार भई गुरुयोजनाको आधारमा प्राथमिकताक्रम निर्धारण गरेर यस वर्ष देखि नै योजनाबद्ध ढंगले विकासका कार्यहरु संचालन गरिनेछ ।

२. सेवा प्रवाहमा नभई नहुने निर्माणलाई यस वर्ष सुचारु गरि आगामी २ वर्ष भित्रमा वडा कार्यालय भवन निर्माण सम्पन्न गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त राखी नागरिकको सेवा प्रवाहमा सहजता ल्याइनेछ ।

३. राजापुर नगरपालिकाको आन्तरिक श्रोत अत्यधिक न्यून हुने र पुर्वाधारका योजनाहरुमा लागत धेरै हुने भै दिगो विकास लक्ष्य उन्मुख हुनका लागि नगरपालिकाका पुर्वाधारमा लगानीका लागि विभिन्न वित्तिय उपकरण तथा श्रोत परिचालन गर्न नगर विकास कोषसँग साझेदारी गरिनेछ ।

४. राजापुर नगरपालिकाको पुर्वाधार विकास गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याउनका लागि सेवा प्रवाह हुने सेवा संरचना निर्माण हुनु पर्ने वडा कार्यालय भवन र पालिका स्तरको १५ सैयाको नगर अस्पताल भवन निर्माण गरि नागरिकलाई स्वास्थ्य सेवाको पहुच पुर्याइने छ ।

५. नगरपालिकाको स्थाद्दीय आयोजना बैंकको स्थापना गरिनेछ।

## क) सडक तथा पूल निर्माण

१. यातायात सेवा नै विकासको मेरुदण्ड भएकाले सडक निर्माण कार्यलाई मापदण्ड बमोजिमको निर्माण प्रक्रिया अपनाइनेछ। विकास निर्माण गर्दा दिर्घकालिन लक्ष्य लाई मध्यनजर राखी निर्माण गरिनेछ।

२. विकास क्रियाकलापमा आवश्यकता अनुसार DPR, वातावरणीय प्रभाव मुल्याङ्कन - EIA/प्रारम्भिक वातावरणीय परीक्षण – IEE गर्ने कार्यलाई अनिवार्य गरिनेछ।

३. पूर्वाधार निर्माणका क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। विकास निर्माणका योजनाहरु सञ्चालन गर्दा आउने अवरोध, बाधा र द्धन्दको निराकरण गर्न विवाद समाधान उपसमिति गठन गरि समन्वय र सहजिकरण गरिनेछ।

१. नगरपालिका भित्र नागरिकलाई वस्ती सँग जोड्न राजापुर रिङ्गरोड अवधारणालाई कार्यान्वय गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ।

२. नगरपालिका क्षेत्रमा ६ मि .भन्दा कम चौडाईका सडकमा लगानी नगर्ने र हाल थप विस्तारित भित्रि सडकहरुमा न्यूनतम ६ मिटर सडक कायम गरिनेछ। सडकको फुटपाथलाई व्यवस्थापन गरिनेछ।

३. संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न पक्की पुलहरु निर्माण गरिनेछ। संघीय सरकार र नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालित योजनाहरुलाई समयमा नै सम्पन्न गर्न सम्बन्धीत सरोकारवालाहरु सँग समन्वय गरिने छ।

४. भैरहेका संरचनाहरुको नियमित मर्मत संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिनेछ। सोको लागि नगरबाट सञ्चालित हुने योजनामा विनियोजित रकमबाट १% प्रतिशतले रकम घटाइ मर्मत सम्भार कोषमा जम्मा गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**ख) सिंचाई तथा नदी नियन्त्रण**

१. राजापुर नगरपालिका बाढी कटान र डुबानको उच्च जोखिममा रहेकोले संघीय र प्रदेश सरकारसँगको सहकार्यमा तटबन्धन कार्यलाई द्रुत रुपमा अघि बढाई राजापुरलाई सुरक्षित बनाइनेछ ।

२. संघिय सरकार, प्रदेश सरकार र विकास साझेदारसँग सहकार्य तथा साझेदारीमा राजापुर नगरपालिकामा आधुनिक सिचाई प्रणाली लागु गरिनेछ ।

३. कुलोपानी चौधर्या प्रणाली व्यवस्थापन गरि राजापुर नगरपालिकाका सिचाई कुलो मुहान सरसफाई, मर्मत तथा सम्भार कार्यलाई निरन्तरता दिइनेछ ।

**ग) खानेपानी तथा सरसफाई :**

१. राजापुर नगरपालिकाका सम्पूर्ण नागरिकहरुलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहँच पुर्याउने उदेश्यले कार्यक्रम संचालन गरिनेछ ।

२. नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी संरचना बनेको वडामा खानेपानी सुचारु गर्न र खानेपानीको पाइप लाईन बिस्तार गर्न पहल गरिनेछ । साथै नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

३. राजापुर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास योजना) अध्यावधिक गर्न तथ्याङ्क संकलग गरि NWASH-MIS प्रणालीमा अध्यावधिक गरिनेछ ।

४. राजापुर नगरक्षेत्र भित्र सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि तथा सरसफाई अभियानलाई निरन्तरता दिइनेछ ।

५. खानेपानीमा आर्सेनिक तथा कोलिफर्म लगायतका पानीको सुद्धिकरण सम्बन्धी परीक्षणको व्यवस्था गरी नागरिकलाई शुद्ध पीउने पानीको शुद्धिकरणको व्यवस्था मिलाइनेछ ।

६. नगरको खानेपानी सरसफाई तथा स्वच्छता, योजनालाई कार्यन्वयन गर्न पुर्ण सरसफाई युक्त वडा/नगर घोषणा गर्ने कार्यलाई निरन्तरता दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । विद्यालय र सार्वजनिक स्थानमा फोहोरमैला व्यवस्थापनका लागी संरचना निर्माण गरिनेछ ।

७. समुदायस्तरमा एक घर एक धाराको नीति अवलम्बन गरिनेछ। सोको लागि खानेपानी ट्याङ्की निर्माण आयोजना मागका लागि प्रदेश र संघीय सरकारसंग पहल गरिनेछ।

८. दिसाजन्य लेदो व्यवस्थापनका लागि विकास साझेदारको समन्वयमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

९. "म बनाउछु सुन्दर मेरो नगर " कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयले वर्षमा एक पटक आफैले उत्पादन गरेको फूलका बिरुवालाई विद्यालय वरपर, १० मी. सडकको छेउमा अनिवार्य वृक्षारोपण कार्यक्रम संचालन गरिने छ।

घ) **व्यवस्थित बसोवास तथा भवन निर्माणः**

१. समुदायका घरहरु भुकम्प प्रतिरोधी बनाइ सुरक्षित आवास सुरक्षित शहर निर्माण गर्ने उद्देश्यले नगरपालिकाले आगामी समयमा घर बनाउने डकर्मीहरुलाई डकर्मी तालिम उपलब्ध गराइ कम जोखिम घर निर्माण गर्न घर नक्सा मापदण्ड कडाइका साथ लागु गरिनेछ र अनलाईन घरनक्सा प्रणालीको विकास गरिनेछ।

२. आर सि सि सिमेन्टका घर मात्र नभई अन्य मोडलका घर अनुसन्धान गरी बसोबासका लागि उपयुक्त र कम लगानीमा घर निर्माण हुने संघिय सरकार र प्रदेश सरकारको समन्वय र सहयोगमा नयाँ नीति लिइनेछ।

३. जोखिम स्थानमा छरिएर रहेका समुदायका घरहरु कम जोखिम हुने उच्च स्थानमा सार्नुपर्ने र विपन्न एवम लोपोन्मुख समुदायका व्यक्ति परिवार छनौट गरी एकिकृत वस्ती विकासको नीति लिइनेछ।

४. नगर भू-उपयोग योजानाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित, सुन्दर र सुविधा सम्पन्न बस्ती निर्माण गर्न घर धनीलाई प्रोत्साहन कार्यक्रम शुरु गरिनेछ।

५. यस नगरपालिका भित्र अब निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको अधिनमा रही अपांगमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री, भूकम्प प्रतिरोधात्मक बनाइनेछ।

६. सुरक्षित घर निर्माणका लागि नक्शा पास गरेर मात्र घर निर्माण गर्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

७. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा तालिम दिइनेछ। यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरमा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिने छ। घर नक्सा पास सम्बन्धमा अनुगमन समिति बनाई मापदण्ड विपरित संरचनाहरुको लगत लिने कार्य समेत अघि बढाईनेछ।

## ३. सामाजिक विकास सम्बन्धी नीतिः

### क) स्वास्थ्य नीति : 'स्वस्थ जीवनको चाहना, राजापुरमा अर्गानिक खाना'

१. नगरपालिकाका नागरिकहरुको स्वास्थ्य अवस्था (उमेर समुह, क्षेत्र आदिका आधारमा स्वास्थ्य), खानपान एवं अन्य विषय समेत समेटी **पालिका स्वास्थ्य प्रोफाइल** निर्माण गरि त्यसका आधारमा अल्प, मध्यम र दिर्घकालिन गुरुयोजना निर्माण गरिने छ ।

२. टेलिमेडिसिन मार्फत नगरपालिका नागरिकलाई सेवा दिन इच्छुक अस्पताल एवं संघ संस्थाको पहिचान गर्ने र त्यसको व्यवस्था मिलाईने छ।

३. प्रत्येक त्रैमासिक अवधीमा पालिकाको भवनमा रक्तदान कार्यक्रम साथै नेपाल रेडक्रस सोसाईटीमा ब्लड संकलन डेस्क स्थापना गरी सिकलसेलका बिरामीहरुलाई निशुल्क ब्लड उपलब्ध गराईने छ।

४. आमा सुरक्षा कार्यक्रम अन्तर्गत यस नगर भित्रका प्रसुति गृहमा प्रसुति सेवा लाई प्रभावकारी बनाउन सुत्केरी सेवाको लागि यस नगरभित्र रहेका एम्बुलेन्स सेवालाई नि:शुल्क रुपमा चौबिसै घण्टा सञ्चालन हुने गरी तयारी अवस्थामा राखी संचालन गर्ने व्यवस्था मिलाइनेछ।

५. संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी मौलिक हकको कार्यान्वयनका लागि नगर क्षेत्रभित्र रहेका सवै स्वास्थ्य संस्थाहरुको सवलीकरण, क्षमता अभिवृद्धि तथा स्तरोउन्नति गर्ने नीति लिइनेछ। सरकारले घोषणा गरेका निशुल्क औषधि वितरणलाई थप प्रभावकारी बनाइनेछ।

१. नगरपालिकामा सिकलसेल सन्दर्भमा सचेतना कार्यक्रम, सिकलसेलको परिक्षण तथा उपचारको स्क्रिनिङ्ग शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ । सिकलसेल रोग पहिचान,रोकथाम अभियान नियन्त्रण घोषणा कार्यक्रम सम्पन्न भए पश्चात सिकलसेल

रोगको राष्ट्रिय उपचार केन्द्रमा सुचिकृत, आवश्यक उपकरण र जनशक्तिको लागि पहल गर्ने तथा प्रयोगशाला ब्यवस्थापन गरिनेछ ।

२. नगरपालिका, बन उपभोक्ता समुह, स्थानीय समुदाय र संघीय तथा प्रदेश सरकारको सहकार्यमा सर्पदंश उपचार केन्द्र निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

३. सङ्घीय सरकारको स्वास्थ्य विमा सम्वन्धी कार्यक्रम अन्तर्गत नगरवासीको स्वास्थ्य विमा गराउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४. बरघर, गुरुवा, सुडेनी र धामी झाक्रीहरुलाई स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

५. महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य संस्थाको तल्लो इकाई भएको, समुदायसँग प्रत्यक्ष जोडिएको, विशेष गरी आमा र बच्चाको स्वास्थ्य सुधारमा खटिने भएको हुँदा निजहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप आवश्यक संचार रकमको व्यवस्थापन गरिनेछ ।

६. आयुर्वेद सेवालाई विस्तार गर्दै समुदायमा आयुर्वेद सेवाको जनचेतना फैलाई स्वस्थ जिवन जीउने पद्धतिको विकास गर्न वजेट विनियोजन गरिनेछ ।आयुर्वेद औषधालयमा पञ्चकर्म सेवा यसै आर्थिक वर्ष देखि प्रारम्भ गरिनेछ ।

७. विपन्न समुदायका अति गरिब परिवारका लागि औषधी उपचारमा सहुलियत प्रदान गरिनेछ ।

८. नगरभित्रका नगरवासीलाई पोषणको स्थितिमा सुधार ल्याउन जनचेतनाको माध्यमबाट खानामा विविधिकरण ल्याई पोषण स्थितिमा सुधार, स्वास्थ्य जनशक्ति विकासको आधार भन्ने नारा सहित अभियान सञ्चालन गरिनेछ ।

९. डेङ्गु रोग रोकथाम तथा नियन्त्रणका सूचनाको उत्पादन, प्रकाशन तथा वितरण कार्य गरी डेङ्गु सचेतनाका लागि समुदाय तथा विद्यालय सचेतना कार्यक्रम संचालन गरिनेछ। साथै डेङ्गु, मलेरिया, इन्सेफलाइटिस रोगहरुको रोकथाम तथा नियन्त्रणका लागी वयस्क लामखुट्टे तथा लार्भा खोज तथा नस्ट गर्न अभियान संचालन गर्न बहुनिकाय समन्वय मार्फत समुदायमा आधारित विभिन्न संघ संस्थालाई समेत परिचालन गरिनेछ ।

ख) **शिक्षा सम्बन्धी  नीति: 'राजापुर नगरको ऐक्यबद्धता, शिक्षामा गुणस्तरीयता'**

१. राजापुर नगरपालिकाको शैक्षिक गुणस्तर सुदृढिकरणको लागि शैक्षिक गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

२. "हरेक अभिभावक एक दिनको लागि शिक्षक" कार्यक्रमको निर्देशिका निर्माण गरि लागु गरिने छ। अभिभावक-विद्यालय सहकार्य कार्यक्रम संचालन गरिनेछ।

३. नगरपालिकामा कम्तिमा ३ अन्तरार्ष्ट्रिय भाषा अध्ययनको क्याम संचालन गरिने छ।

४. अग्रेजी, नेपाली, गणित र विज्ञानको सिकाईलाई सशक्त बनाउन घुम्ती सिविर र प्रतियोगितात्मक कार्यक्रमहरुलाई नमुनाको रुपमा सुरुवात गरिने छ।

५. नगरपालिकाको विकासमा अपरिहार्य जनशक्ति विकासको योजना निर्माण गर्ने र सोको कार्यान्वयनको लागि आवश्यक शैक्षिक संस्था, प्रदेश एवं संघिय सरकार सँग सहकार्य गरिने छ।

६. एक विद्यार्थी एक महिनामा एक पुस्तक अभियान संचालन गरिने छ।

७. "बुढा-बुढी कथा सुनाउने, बाबु-नानी प्रविधि सिकाउने" कार्यक्रम लागु गरिने छ।

८. विद्यालयमा विद्यार्थी भर्ना दर अभिवृद्धि गर्ने उद्देश्य राखी विद्यालयबाट छात्रछात्रा भागेर घर जाने होइन घरबाट भागेर विद्यालय जाने बानीको विकास गराउन वालविकास केन्द्रलाई नमूना वालविकास केन्द्रको रुपमा विकास गरिनेछ।

९. विद्यार्थीले विद्यालय छाड्ने दरलाई शुन्यमा झार्ने नीति लिइनेछ।

१०. गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रमा सुधारको अभियानलाई निरन्तरता दिइनेछ साथै शिक्षा सुधार क्षेत्रमा सहयोग पुर्याउने विकास साझेदार संस्थाको समेत सहयोग लिइनेछ।

११. प्रारम्भिक बाल विकासलाई ICT प्रविधिद्धारा कक्षा संचालन गर्दै नि:शुल्क शिक्षा कार्यक्रमलाई सुदृढ गर्दै माध्यमिक तहको शिक्षालाई सुनिश्चित सँगै निरन्तरता दिइनेछ।

१२. माध्यमिक तहको शिक्षाको पहुँचमा अभिवृद्धि गर्दै गुणस्तर सुधारमा जोड दिइनेछ।

१३. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लगिनेछ।

१४. प्राविधिक धार तर्फको शिक्षा विकास तथा विज्ञान विषयमा दस जोड दुईका कक्षा सञ्चालनमा जोड दिइनेछ। प्राविधिक धार भएका विद्यालयका कक्षा ९,१०,११ र

१२ का छात्रछात्राहरुलाई उद्यमशील बनाई रोजगार सिर्जना तर्फ उन्मुख गराइनेछ। छात्रछात्राहरुलाई **"पढदै, कमाउदै, रमाउदै"** को नीति अवलम्बन गरिनेछ।

१५. शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्दै गुणस्तर सुधारमा जोड दिइनेछ।

१६. सामुदायिक र संस्थागत विद्यालयहरुको विचमा शैक्षिक उपलब्धीका लागि प्रतिस्पर्धाको वातावरण सृजना गरिनेछ।

१७. सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या, शैक्षिक गुणस्तर तथा भूगोलको आधारमा एक आपसमा मर्ज गर्ने तथा सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुपातको आधारमा नगरभित्र शिक्षक दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ।

१८. टुहुरा, असहाय बालबालिकाहरुको पालन पोषण, संरक्षण र शिक्षाको लागि नगरपालिकाबाट उचित व्यवस्था मिलाइनेछ। त्यस्ता बालबालिकाहरुको उच्च शिक्षामा सहयोग तथा रोजगार सिर्जनामा पहल गरिनेछ।

१९. उच्च शिक्षाको पहुँचलाई सहज बनाउन नगरभित्र सञ्चालित क्याम्पसहरुको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ साथै जेहेन्दार तथा विपन्न छात्रछात्राहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिनेछ।

२०. विद्यालय कर्मचारी, वालविकास सहजकर्ता र सिकाइकेन्द्रका सहजकर्ताहरुलाई संघीय सरकारले बिनियोजन गरेको रकममा नगरपालिकाले न्यूनतम तलब भत्ताको व्यवस्थालाई निरन्तरता दिइनेछ।

२१. प्राविधिक शिक्षालयको संरचना तयार भई सकेकाले आर्थिक वर्ष २०८१/०८२ भित्र प्राविधिक धार संचालनको लागी आवश्यक प्रक्रियाको पहल गरिनेछ।

२२. राजापुर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा १०+२ को विज्ञान विषयको कक्षा संचालन गर्ने सामुदायिक विद्यालयलाई थप अनुदानको व्यवस्था गरिनेछ साथै विज्ञान संकायलाई उच्च शिक्षा सम्म प्राथमिकतामा राखिनेछ।

२३. अमर शहिद श्री दशरथ चन्द माद्यमिक विद्यालयमा कृषि पशु प्राविधिक भवनको लागि संघ सरकारसँग पहल गरिनेछ।

२४. पालिकाभित्र रहेका सबै विद्यालयहरुमा शैक्षिक गतिविधी निगरानी गर्न डिजटल मोनिटरिङ्गको व्यवस्थाका लागि CCTV Camera प्रविधि जडान गरिनेछ।

## ग) **महिला सशक्तिकरण तथा बालबालिका सम्बन्धी नीति :**

१. महिला, एकल महिला, दलित महिला, अपाङ्ग महिला, मुक्त कमलरी महिला उद्यमीलाई सबै किसिमको तालिममा ५० प्रतिशत नघटाइ सहभागिता गराउने प्राथमिकताको नीति लिइनेछ।

२. सामाजिक समाबेशीकरण नीति निर्माण गरी लैङ्गिक मैत्री बजेटमा जोड दिइनेछ।

३. एकल महिला, बेरोजगार महिला तथा अति पिछडिएका र बिपन्न महिलाहरुको लागि रोजगारमूलक सिप र तालिमको व्यवस्था गरिनेछ।

४. सबै प्रकारका घरेलु हिंसा न्यूनिकरण गरिनेछ। लैंगिक हिंसा अभियान वर्ष मनाउनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ।

५. महिला शशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुलाई जीविकोपार्जनका लागि सीप मुलक तालिमहरु संचालन गरिनेछ।

६. बालबिवाह न्यूनिकरण तथा महिला शसक्तिकरणका लागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिकाले निर्देश गरे बमोजिमका सचेतना आय मुलक र शिप मुलक लैङ्गिक मैत्री कृयाकलाप संचालन गरिनेछ । बालविवाह रोकथाम तथा न्यूनिकरणको लागि बालविवाह न्यूनिकरण रणनीति र नीतिलाई कार्यान्वयन गरिनेछ।

## **घ) युवा तथा खेलकुद नीति**

१. रोजगारी सृजना गर्नका लागि युवा स्वरोजगार कोष स्थापना गरी युवा उद्यमी तथा व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ।

२. युवाहरुलाई पुनर्वल बढाउने सकरात्मक सोच सम्बन्धी तालिम सञ्चालन गरिनेछ। युवाहरुमा रहेको प्रतिभा प्रस्फुटन गर्ने अवसरको सिर्जना गरिनेछ । साथै महिला खेलाडीहरुलाई प्रोत्साहनका कार्यक्रमका सञ्चालन गरिनेछ।

३. खेलप्रति रुचि बढाउन नगर कप, मेयर कप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ।

४. खेलकुद प्रवर्द्धनका लागि नगरमा बहुउदेशिय नगर कभर्ड हल निर्माणका लागि पहल गरिनेछ तथाराजापुर नगरपालिकामा ब्याडमिन्टन कभर्ड हल यसै आर्थिक वर्षभित्र निर्माण कार्य सम्पन्न गरिनेछ ।

५. वडा क्लब गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।

६. खेलकुद तथा स्काउट कार्यक्रम आयोजना गरी युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

७. राजापुर नगरपालिका अन्तरगतका सम्पूर्ण सार्वजनिक कार्यालयहरुमा स्तनपान कक्ष विस्तार गरिनेछ ।

**ङ) संस्कृति तथा पर्यटन :**

१. नगरपालिका स्तरीय मेला प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ।

२. चर्चामा रहेको तर पर्याप्त विकास हुन् नसकेका पर्यटकीय स्थलको बारेमा अध्ययन गरि १० वर्षीय **पर्यटन विकास गुरुयोजना** निर्माण गरिने छ ।

३. नगरपालिका भित्रका विद्यालयहरु संगको सहकार्यमा नगरपालिका भित्र गर्न सकिने सांस्कृतिक जात्रा वा मेलाको आयोजना गरिनेछ ।

४. खेल पर्टयनको माध्यमबाट राजापुर नगरपालिकालाई चिनाउने तथा आयमा बृद्धि गर्ने रणनीति लिईनेछ ।

५. ऐतिहासिक, सास्कृतिक, धार्मिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

६. यस नगर क्षेत्रभित्र रमणीय गेरुवा र कार्णाली नदीको आसपासमा पर्यटकहरु रमाउने उद्देश्यले गुणस्तरीय एवं Organic होटल (रैथाने बाली) तथा रिसोर्ट निर्माणको लागि नीजि लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ ।

७. राजापुर नगरपालिका वडा न २ मा रहेको राष्ट्रिय थारु संग्रालयको संरचना निर्माणको पहल गरिनेछ ।

८. रमणीय प्राकृतिक सम्पदा अर्नहुवा (अर्नौह्वा) तालको संरक्षण तथा विकास गरिनेछ।

९. लोपउन्मुख जाति सोनाहा होमस्टे लगायत अन्य क्षेत्रमा थारु होमस्टे संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१०. पर्यटकलाई आकर्षण गर्न गेरुवा र कर्णाली नदीको किनारमा डल्फिन अवलोकन भ्यू टावर निर्माण गर्न निजि क्षेत्रलाई लगानि गर्न वातावरण सहज गरिनेछ।

११. वडा नम्बर १० मा रहेको निर्माणाधिन कोठियाघाट पिकनिक स्पोटलाई पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ।

## ४) वन तथा वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति :

१. प्रत्येक वडामा आपतकालीन उद्धार समुह गठन गरि उनीहरुलाई प्राथमिक उपचार तालिम प्रदान गरिने छ। विपद् फोकल शिक्षकहरुलाई तालीमको व्यवस्था गरिनेछ।

२. विपद व्यवस्थापनको लागि संघ र प्रदेश सरकार लगायत अन्य दातृ निकायसँग समन्वय, सहकार्य गर्ने नीति लिइनेछ।

३. विपद व्यवस्थापन कोषमा प्रयाप्त रकम विनियोजन गरि सम्भाव्य विपद् पुर्व सावधानीका उपाय र विपद् पश्चात हुने क्षति न्यूनिकरण र राहत तथा पुनर्स्थापना कार्यलाई प्रभावकारी ढङ्गले निरन्तरता दिइनेछ।

४. जिविकोपार्जनका लागि वनको अवधारणालाई सार्थक तुल्याउन यस नगरपालिकाभित्र रहेका सामुदायिक, साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ।

५. नगरका सार्वजनिक प्रकृतिका क्षेत्रहरुको अतिक्रमण बढ्दै गएकोले प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा सार्वजनिक जग्गा संरक्षण उपसमिति गठन गरि सम्बन्धीत वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गरिनेछ।

६. सौर्य उर्जाको प्रयोग गरी विद्युत्तीय उर्जाको खपत गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी नवीकरणीय उर्जा र वैकल्पिक उर्जाको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ।

७. जलवायु परिवर्तन तिब्ररुपमा भएको हुदाँ यसका बहुआयमिक असर र जोखिमहरु देखा परेका छन। यसले प्रर्यावरणमा र आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा नकारात्मक असरहरु पारेको छ। समयमै गरिने जोखिम न्यूनिकरण र अनुकुलनका प्रयासले जलवायुजन्य हानी तथा नोक्सानीलाई कम गरी समुदायको अनुकुलन क्षमता र जलवायु उत्थानशिल विकासलाई प्रवर्द्धन गर्ने कार्यक्रम र क्रियाकलापहरु संचालन गरिनेछ।

८. आम सर्वसाधारण, बालबालिका र नागरिकको व्यावहार बातावरण र जलवायु मैत्री बनाउन व्यक्ति, घरधुरी, विद्यालय र टोल टोलमा फोहरमैला व्यवस्थापन, निजि र सार्वजनिक जग्गामा बृक्षारोपण, पलास्टिकको न्यून प्रयोग, जैविक पदार्थ (फोहर, पराल, नल, ढोड, पलास्टिक डढाउने कार्य पुर्ण रुपमा रोक लगाउने) सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

९. नगरपालिका भित्र रहेका संम्वेदनशिल र जोखिममा रहेका सिमसार, पोखरी (चटिया), तालतलैयाहरुको संरक्षण गर्ने कार्यक्रम समावेश गरी स्थानीय महिला, युवा र समाजिक संघ सस्थाहरुको सहभागितामा बातावरण संरक्षण जलवायु परिवर्तनको स्थानीय अनुकुलन योजनाहरु संचालन गरिनेछ।

१०. उन्नत सुधारिएको चुलोको उपयोग कार्यमा बिस्तार गरी इट्टा भट्टा र अन्य कालकारखानामा हुने उत्सर्जनलाई कटौती गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

११. विद्युतिय र अन्य स्वस्थ प्रविधिबाट उत्पादित इट्टाहरुको प्रयोगमा र खाली/ बाँझो सार्वजनिक/ निजि जग्गालाई हरित उद्यानको रुपमा विकास गरिनेछ। टोल विकास सरसफाई अभियान संचालन गरिनेछ।

१२. ड्रोन क्यामेराको प्रयोग मार्फत विपतको समयमा उद्दार र राहत वितरणलाई प्रभावकारी बनाइनेछ साथै अटोमेटिक साइरनको व्यवस्था गरिनेछ।

१३. प्रत्येक महिनाको अन्तिम शुक्रबार लाई डिजेल र पेट्रोल रहित सवारी साधन (कार-फ्री डे) घोषणा गरि कार्वन उत्सर्जनन् न्युनिकरणको अभियान चलाइनेछ।

१४. मृत्यु संकारमा आवश्यक पर्ने काठ दाउराको व्यवस्थापनका लागि सामुदायिक वनसँग समन्वय गरिनेछ।

१५. वडा नं.१० मा अवस्थित गौशालालाई थप व्यवस्थित गरिनेछ। बजारमा छाडिएका चौपाया व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

**५. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः**

**क) दिगो विकास (Sustainable Development) :**

१. दिगो विकास लक्ष्यको कार्यान्वय प्रकृयालाई तिव्रता दिईने छ । स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने लक्ष्यहरु प्राप्त गर्न नगरपालिकाले दिगो विकास रणनीति बनाई लागु गर्नेछ ।

२. दिगो विकास लक्ष्यको स्थानीयकरण र सूचनामा आधारित आयोजना प्राथमिकरण गरिनेछ ।

३. दिगो विकास लक्ष्य कार्यान्वयनमा निजि क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, गैर सरकारी क्षेत्र र अन्य सबै सरोकारवाला सँगको सहकार्यलाई थप प्रभावकारी बनाईनेछ ।

**ख) सेवा प्रवाह, सुशासन तथा संस्थागत विकासः**

१. नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।

२. बिद्युतीय नागरिक वडापत्र तथा नागरिकलाई सूचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोग गरिनेछ । राजापुर नगरपालिकाको एकीकृत मोबाइल एपको बारेमा प्रचार-प्रसार गरिनेछ ।

३. नगरपालिकाका सवै वडा कार्यालयहरुमा इन्टरनेट सेवा प्रभावकारी ढङ्गले संचालन तथा व्यवस्थापन गरिनेछ र समुदाय स्तरमा Wifi Free Zone क्षेत्रहरु तयार गरी नगरवासीलाई सूचना प्रविधिको पहुँच उपलब्ध गराउने निति लिइनेछ । साथै शहरी शुरक्षा तथा सडक दुर्घटना न्यूनीकरणका लागि बजार क्षेत्र तथा राजमार्गमा CCTV Camera थप जडान गरिनेछ ।

४. नगरपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवा सुविधाहरुमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटर प्रणालीको प्रयोग र कर्मचारीहरुलाई कम्प्यूटर तालिम प्रदान गर्ने नीति लिइनेछ ।

५. जनताले स्वामित्व ग्रहण नगरेसम्म विकास प्रयासहरु दिगो तथा प्रभावकारी हुन सक्दैनन् तसर्थ नगरक्षेत्रभित्र वरघर प्रणालीलाई विकासको आधार स्तम्भका रुपमा परिचालन गरिनेछ।

६. नगरपालिकाको कार्य सम्पादनलाई पारदर्शीता र जवाफदेहिता कायम हुने गरी छिटोछरितो, गुणस्तरिय र प्रविधिमैत्रि बनाइनेछ । यसका लागि उच्च प्रविधि प्रयोगमा ल्याई डिजिटल पालिका घोषणाका सुचक र अभियान संचालन गरि विद्युतिय सेवा प्रवाहबाट नगरपालिकाको कार्य सम्पादन गर्ने प्रणालीको विकास गर्दै भ्रष्टचारको शून्य सहनशिलताको नीति अबलम्बन गरिनेछ।

७. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी विद्युत्तीय शासन (E-Governance) लाई कार्यान्वयन गर्ने नीति लिईनेछ।

८. नगरबासीहरुको राय सुझाव संकलन, गुनासो व्यवस्थापन र जबाफदेहिता बहन गर्नका लागि नगरपालिकासँग नगरबासीको सोझो सम्पर्कको लागि हरेक वडामा र नगर कार्यपालिकामा गुनासो पेटिकाको व्यवस्थालाई निरन्तरता दिइनेछ। जनताको गुनासो व्यस्थापनका लागि नगर कार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाई गरिनेछ।

९. १० वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई **Intranet Computer System** बाट नगरपालिकाको केन्द्रिकृत राजश्व प्रणालीमा आवद्ध गराउने कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।

१०. नगरबाट प्रदान गरिने सेवाको सम्बन्धमा जनतालाई सुचित गर्न नागरिक वडापत्रलाई **Digital Notice Board** का माध्यमबाट सेवा सम्बन्धी जानकारीलाई सहज तुल्याईने छ।

११. आन्तरिक स्रोतको परिचालनबाट नगरको वित्तिय सवलिकरण र आर्थिक स्थायित्व कायम गरिनुका साथै नगरको वित्तिय पक्षलाई समग्र आर्थिक समृद्धिको मुल आधार बनाईनेछ।

१२. नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरिय र प्रभावकारी बनाउन कर्मचारी तालिम, क्षमता विकास सम्बन्धी कार्यक्रम र कार्यसम्पादनमा

आधारित अतिरिक्त समय काम गरेवापतको सुविधा दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१३. जनप्रतिनिधिलाई समयानुकुल प्रविधिमैत्रि बनाउन र क्षमता विकास गर्न तालिम तथा **Digital Literacy Program** सञ्चालन गरिने छ ।

## ६) विविध

१. समाजमा सकारात्मक सोंचको बिकास गरी शान्ती र अमनचयन, नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान तथा प्रवचन जस्ता उत्प्रेरणात्मक (Motivation) कार्यक्रमहरुको संचालन गरिनेछ।

२. बालश्रम मुक्त, बालविवाह मुक्त, बालमैत्री पालिका, वातावरणमैत्री, पलाष्टिक प्रयोगको न्यूनिकरण, धुवारहित, पुर्ण सरसफाईयुक्त, पूर्ण साक्षर नगरपालिका बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।

३. महिला, वालवालिका, आदिवासी जनजाति, दलित, अपांग र पछाडि परेको वर्ग तथा समुदायलाई विकासको मुलधारमा समाहित गर्न प्राथमिकता दिइनेछ ।

४. गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारको रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागि र परिचालन गरिनेछ ।

५. बेपत्ता ब्यक्तिका पत्निलाई मासिक जिविकोपार्जन भत्ता वितरणलाई निरन्तरता दिइनेछ।

६. जनता सँग नगर प्रमुख र उप प्रमुख कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. नगर स्तरिय खुल्ला व्यामशाला संचालन गरिनेछ ।

८. राजापुर नगरपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयमा बजारमा पाइने कोक, फन्टा लगायतका चिसो पेय पदार्थमा प्रतिबन्ध लगाएर स्थानिय कृषि र पशुजन्य उद्पादनलाई प्रयोगमा ल्याइनेछ ।

९. मनोसामाजिक परामर्श सेवा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

**क) रोजगार तथा स्वरोजगार सम्बन्धी नीति:**

१. नगर भित्रका बेरोजगार युवा/युवतीहरुलाई स्वरोजगार बनाउन स्थानीय श्रोत साधन को उपयोग हुने गरि परम्परागत पेशा तथा आधुनिक सिपसंग साक्षात्कार गराउन बिभिन्न किसिमका तालिमहरु संचालन गरिने छ। साथै दलित समुदायको सिप र कलालाई आधुनिकीकरण गर्नका लागि तालिम र सामग्रीको व्यवस्था गरिनेछ।

२. नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि संघीय सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रम अगाडी बढाईनेछ।

३. दिर्घकालिन रुपमा राजमार्ग क्षेत्रमा नगरपालिकाको उत्पादन मात्र प्रदर्शनी एवं बिक्रि वितरण गर्ने कोशेलीघरको अवधारणालाई क्रमिक रुपमा मुर्तरुप दिईने छ ।

४. विपन्न परिवारका व्यक्ति, समुदायहरुलाई प्राथमिकता सुचिका आधारमा रोजगारको अवसर प्रदान गरिनेछ।

५. स्थानीय स्तरमा रोजगारीका थप अवसरहरु सृजना हुन सक्ने प्राविधिक तथा व्यवसायिक तालिम संचालन गरि व्यवसाय संचालन गर्न प्राविधिक सहायता प्रदान गर्ने र व्यवसाय सुरु गरेका व्यक्तिहरुका लागि अनुदानको व्यवस्थापन गरिनेछ।

६. बैदेशिक रोजगारबाट फर्केका तथा भिषा स्वीकृतिभै जान नपाएका बेरोजगार युवाहरुलाई रोजगार सेवा केन्द्रमा सूचीकृत गरि रोजगारीका अवसरहरुमा प्राथमिकता दिइनेछ।

७. बेरोजगार, शहिद तथा बेपत्ता परिवारलाई द्धन्द पिडित, अति विपन्न समुदायका व्यक्तिहरुका लागि आय आर्जन उद्यमशिलता तथा जिविकोपार्जन कार्यक्रम निरन्तरता दिइनेछ साथै नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. बार्षिक बजेट तथा कार्यक्रमको कार्ययोजना बनाई समयमै लक्षित उपलब्धी हाँसिल गर्ने नीति लिईनेछ।

**ख) सामाजिक न्याय, विवाद समाधान तथा निरुपण नीति:**

१. समुदायमा हुने बिकृती तथा परम्परागत प्रथा व्यावहारका कारण हुने समुदाय विवादलाई वडा स्तरको मेलमिलाप सहजकर्ताको माध्यमबाट समाजमा सदभावको भावना कायम गर्ने नीति लिइनेछ ।

२. विवाद न्यूनीकरण दिगो शान्ति र द्धन्द व्यवस्थापनमा मेलमिलापको माध्यमबाट सामाजिक न्यायको सहज पहुच पुर्याइनेछ ।

३. नागरिकको गुनासो तथा उजुरी दर्ताको व्यवस्था सफ्टवयर प्रणालीको व्यवस्थाबाट संकलन गर्ने र न्याय सम्पादनमा प्रभावकारीता ल्याइनेछ।

४. विपन्न, असहाय र अति गरिव परिवारको लागि विशेष योजना बनाई कार्यान्वयन गरिनेछ ।

५. स्थानिय संस्कृति, भेषभुषा रहनसहन लाइ जगेर्ना गरिनेछ । समुदाय सुधार योजना निर्माण गरिनेछ ।

**ग) विकास साझेदारसँगको सहकार्य :**

१. राजापुर नगरपालिकालाई कार्यक्षेत्र बनाइ कार्य गर्ने विकास साझेदार सँग समन्वय गरी समग्र दिगो विकासका लक्ष्य र सुचकलाई मुख्य आधार बनाई जनताको जिवनस्तर उकास्ने, उत्पादनमा बृद्धि गर्ने, जोखिम न्यूनिकरण गरी मानविय सम्बेदनशिलतामा सहयोग पुर्याउने, जोखिम क्षेत्रमा बसोबास गरेका नागरिकलाई बस्ती विकासको योजना ल्याई समुदाय एकीकृत गर्ने, शिक्षा र स्वास्थ्यमा उच्च, दिगो गुणस्तरीय सेवा प्रदान गर्ने तथा कार्य सम्पादनमा विकास साझेदारसँग कार्य गर्ने सहज वातावरण सृर्जना गरिनेछ । यस्ता कार्यका लागि विकास साझेदार संस्थाको सहयोग अपरिहार्य हुनेछ।

**आदरणीय नगरसभा अध्यक्षज्यू**

प्रस्तुत नीति तथा कार्यक्रम प्रस्ताव गर्दा सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ्य र सक्षम जनशक्ति विकास गर्ने, विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गर्ने गराउने, सम्वृद्ध राजापुर नगरपालिकाको दीर्घकालीन उद्देश्य राखिएको छ । यो नीति तथा कार्यक्रम संघीय लोकतान्त्रिक शासन पद्धती, सामाजिक न्याय, समन्यायिक आर्थिक विकास, दीगो विकास लक्ष्य, शान्ति सुरक्षा संग सम्बन्ध राख्दछ ।वार्षिक नीति तथा कार्यक्रमबाट विकासमा जनताको सहभागिताका साथै सबै खाले सामाजिक विभेदको अन्त्य, नागरिक सवलीकरण, ज्ञान र सीप तथा नवप्रवर्तनमा आधारित उत्पादन प्रणाली, प्रविधि विकास मार्फत श्रमको उत्पादकत्व वृद्धि हुनुको साथै यसले समाजवादको मार्ग प्रशस्त गर्दछ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा, जनप्रतिनिधिहरुको दोस्रो आगमन भइ जनताप्रति उत्तरदायी तीनै तहको शासन व्यवस्था सञ्चालन भइरहेको अवस्था छ । राजापुर नगरपालिका पनि संविधानले गरेको परिकल्पना, राज्यले लिएको दीर्घकालीन उद्देश्य पुरा गर्न सदैव तल्लीन छ । राजापुर नगरपालिकाको यो महान अभियानमा साथ दिनुहुने सबै सक्रिय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, विभिन्न संस्थागत व्यक्तित्वहरु, वुद्धिजिवी, पत्रकार, उद्योगी व्यापारी, कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि र सबै विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यबाद ।

**मनकला कुमारी चौधरी**
**नगर उप - प्रमुख**
**राजापुर नगरपालिका, बर्दिया**